नेपाल सरकारद्वारा 'क' वर्गमा सुचीकृत मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

# नव तिलोत्तमा

अंक ८५ | २०७५ माघ १७ गते बिहिबार | 2019 Jan 31 Thursday | पृष्ठ संख्या ८

**सुनवल नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी
५ नं. प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

***प्रथम पटक प्रकाशित मिति : २०७५/१०/१७ गते***

यस सुनवल नगरपालिकाले सुनवल वडा नं. ६ स्थित लुम्बिनी चिनी उद्योग देखि उत्तर पट्टी रहेको नगरपालिकाको जग्गामा सुनवल नगर कार्यपालिकाको कार्यालय भवन निर्माण गर्न लागेको र सो कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन गराउन लागेको हुँदा वातावरण संरक्षण नियमावली २०५४ को अनुसुची-१ बमोजिम अध्ययनको क्रममा रहेको उक्त प्रस्तावित कार्यले सुनवल नगरपलिकाको वडा नं. १ र ६ लगायतका विभिन्न क्षेत्रहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पर्न सक्ने देखिएको हुँदा सरोकारवालहरुको राय सुझाव संकलन गर्न सोही नियमावलीको नियम -४ अनुसार तपशिलका क्षेत्रहरुलाई आधार मानी सार्वजनिक कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी लगायत सम्पूर्ण सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुलाई उक्त भवन निर्माण गर्दा स्थानीय वातावरणमा के कस्तो असर पर्छ भन्ने बिषयमा राय सुझाव संकलन गर्नकालागि यो सुचना प्रकासित गरिएको छ। अतः यस भवन निर्माण कार्यबाट स्थानीय वातावरणमा के कस्तो असर पर्ने हो सो सम्बन्धमा तपशिलका बिषयहरुलाई आधार मानी सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराईदिनु हुन अनुरोध छ।

### तपशिल

१. **प्रस्तावको नाम :** नगर कार्यपालिकाको कार्यालय भनव निर्माण कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन।

२. **राय सुझावका लागि मुख्य क्षेत्रहरु :**

क) भौतिक वातावरण ख) जैविक वातावरण ग) सामाजिक वातावरण घ) आर्थिक वातावरण ५) सांस्कृतिक वातावरण ६) अन्य (सम्बन्धित मानविय क्रियाकलाप र तिनका अन्तर सम्बन्ध)।

**राय सुझाव पठाउने ठेगाना**

सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनवल, नवलपरासी
फोन : 078-570116, इमेल : sunwalmunicipality@gmail.com